नेपाल सरकार
# युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रममा २०८३ देखि २०९२ सम्मलाई "रोजगार प्रवर्द्धन दशक" को रूपमा घोषणा गरी कार्य सञ्चालन गर्ने र युवा जनशक्तिको ऊर्जा एवं सीपलाई स्वदेशमै उपयोग गर्ने वातावरण सिर्जना गर्ने लक्ष्य अनुसार मिति २०८३ असोज १४ देखि २० गतेसम्म (जम्मा ७ दिन) कोशी प्रदेशको इटहरीमा सीप तथा रोजगार मेला आयोजना गर्न लागिएको छ। मन्त्रालयले "सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका, २०८३" जारी गरी देशभर सीप तथा रोजगार मेला आयोजना गर्ने तयारी थालेको छ। उक्त निर्देशिकाबमोजिम मेला आयोजना तथा सञ्चालनका लागि माननीय युवा, श्रम तथा रोजगार मन्त्रीको संयोजकत्वमा निर्देशन तथा समन्वय समिति रहने व्यवस्था गरिएको छ।

मेलालाई सफल बनाउन सबै सरोकारवालाहरूबाट प्रचलित कानून बमोजिम वित्तीय, प्राविधिक तथा जनशक्ति लगायतको आवश्यक सहयोग र योगदान जुटाइनेछ। यसका लागि आवश्यक सहकार्य, समन्वय तथा सुरक्षा व्यवस्थापनका लागि कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशका सबै स्थानीय तहहरू र जिल्ला प्रशासन कार्यालय सुनसरीसँग पत्राचार गरी अनुरोध गरिनेछ।

निर्देशिका बमोजिमको कार्यान्वयन र सहजीकरण समितिले मेलाको समग्र व्यवस्थापन, सञ्चालन र कार्यान्वयन निर्देशिकाको दफा ७ बमोजिम गठित 'कार्यान्वयन, समन्वय र सहजीकरण समिति' ले गर्नेछ। सो समितिको बैठक बस्न नसकेको अवस्थामा समितिको संयोजकत्व गर्ने युवा महाशाखा र अन्तर्गतका सीप विकास समन्वय शाखा लगायत मन्त्रालयको संरचनाबाट आवश्यक निर्णय गरी कार्य अघि बढाइनेछ।

निजी क्षेत्र, उद्योग-प्रतिष्ठान, शैक्षिक र तालिम प्रदायक संस्था, विकास साझेदार, युवा, श्रम तथा रोजगार मन्त्रालय र मातहतका निकाय एवम् अन्य सरकारी निकायले स्टल र डेस्क राखी सूचना तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ सामाजिक सुरक्षा कोष र युवा तथा साना व्यवसायि स्वरोजगार कोषलाई समेत स्टल राख्न अनुरोध गरिनेछ।

तीनै तहका सरकार, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार संस्थाहरू, रोजगारदाता संघ-महासंघ, उद्योगी व्यवसायी तथा शैक्षिक एवं तालिम प्रदायक संस्थाहरूको सहकार्य र समन्वयमा मेला सञ्चालन हुन भएकोले सीप, रोजगारी, उद्यमशीलता, स्वरोजगार प्रबर्द्धन गर्दै श्रमको सम्मान र स्वदेशमै रोजगारीको अवसर अभिवृद्धि गर्ने यस अभियानमा सम्बद्ध सबै सरोकारवालाहरुलाई सहभागिता लागि अनुरोध गरिन्छ।

यस सीप तथा रोजगार मेलामार्फत रोजगारदाताको वास्तविक जनशक्ति माग तथा रिक्त पद पहिचान र प्रमाणीकरण गर्ने, रोजगार खोजकर्ताको योग्यता, सीप, अनुभव र रुचिअनुसार रोजगार मिलान गर्ने तथा आवश्यक सीप परीक्षण, तालिम, प्रमाणीकरण, करियर परामर्श र उद्यमशीलता सेवासँग जोड्ने लक्ष्य राखिएको छ। मेलास्थलमा सूचना तथा सहायता कक्ष, रोजगारदाता कक्ष, अन्तर्वार्ता क्षेत्र, सीप परीक्षण तथा प्रमाणीकरण डेस्क, तालिम तथा उद्यमशीलता सिफारिस सेवा, श्रम कानून तथा सामाजिक सुरक्षा जानकारी, गुनासो सुनुवाइ, प्राथमिक उपचार र आवश्यक सहजीकरणको व्यवस्था गरिनेछ।

मन्त्रालयले रोजगारदाता, तालिम तथा सीप प्रदायक संस्था, निजी क्षेत्र, विकास साझेदार, स्थानीय तह, सञ्चारमाध्यम र सम्पूर्ण सरोकारवालाहरूलाई वास्तविक अवसरसहित मेलामा सक्रिय सहभागिता जनाई कार्यक्रम सफल बनाउन हार्दिक आह्वान गर्दछ।

मिति: २०८३/०६/०१
११४६ जंलाथ्य षष्ठी

२०८३।६।१
मिरा आचार्य
(प्रवक्ता/सहसचिव)